लोकतान्त्रिक गणतन्त्रको एकमात्र आधार "सत्य, तथ्य र खोजमुलक समाचारको संबाहक"



# कृपा दैनिक

❖ वर्ष :- ४ ❖ अंक - ३२४ ❖ २०६४ माघ १५ गते मंगलवार 2008 Jan 28 ❖ मूल्य रू. २/- ❖ पृष्ठ संख्या :- ४

## सूचना सूचना सूचना

५ बर्षके निचेके सम्पूर्ण बच्चा सबके पोलियो थोपा खियाँई आ लुल्ला लङ्ड तथा अपाङ्ग होये से बचाँई । ई सब अपनेके वार्डमे तथा खोप क्लिनीकमे ले जाके महिला स्वास्थ्य स्वंयम सेवीका दिदि से खियवाई ।

पोलियो थोपा खियाबेके मिति इहे माघ १९ गते से माघ २० गते तक खियावल जा रहल बा ।

**जिल्ला स्वास्थ्य कार्यालय**
**बारा**

## भारतबाट बर्ड फ्लू नेपाल भित्रन सक्ने भएकोले
# उच्च सर्तक रहन सम्बन्धित पक्षको आग्रह

■कृपा संवाददाता———

वीरगंज, १४ माघ /केही दिन अघि बारा तथा पर्साका सम्बन्धित निकायले बर्ड फ्लू नियन्त्रणका सवालमा उच्च सर्तक रहन निर्देशन दिएको भएपनि भारतबाट कुखुरा र सेतो अण्डा भित्रने क्रममा कमि नआएको समाचार प्रकाशमा आएपछि उच्च सर्तक रहन सर्वसाधारण नागरिकलाई आग्रह गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्सामा सोमबार आयोजना गरिएको बर्ड फ्लू सम्बन्धित कार्यक्रममा बोल्दै सरोकारवालाहरुले यस्तो कुरा बताएका हुन् । दैविक प्रकोप उदार समितिका सचिवालय सदस्य एवं स्थानीय विकास अधिकारी राजेन्द्र पौडेलको अध्यक्षतामा सम्पन्न भएको सो कार्यालयमा विभिन्न वक्ताहरुले बर्डफ्लूका सवालमा प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा बोल्दै पशु चिकित्सक गोविन्द भाले बर्डफ्लू नियन्त्रण गर्नका लागि सबै निकायलाई निर्देशन दिइएको भएपनि कुखुरा तथा सेता अण्डा भित्रने क्रममा कमि नआएको भन्ने समाचार प्रकाशमा आएका कारण उच्च सर्तकता अपनाउन सर्वसाधारण नागरिकलाई आग्रह गर्नुभयो ।

भाले बर्ड फ्लू नेपालमा फैल्ने सम्भावना न्यून रहेको भएपनि सेता अण्डा फैल्ने क्रम नरोकिएका कारण सर्तक रहन आग्रह गर्नुभयो । त्यसैगरी पर्साका प्रमुख जिल्ला अधिकारी भोला प्रसाद शिवाकोटीले बर्ड फ्लू नफैलियोस् भन्नका लागि जनता आफै सचेत र सर्तक रहनु पर्ने धारणा राख्नु भयो । उहांले नेपालमा बर्डफ्लू नफैलियोस् भन्नाका लागि प्रशासन समेत आ-आफ्नो तर्फमा लागेको जानकारी दिनुभयो ।



यद्धपी प्रजिअ शिवाकोटीले नेपाल र भारतका सिमाना खुल्ला रहेका कारण उक्त रोग फैल्ने सक्ने भएकाले सर्तक रहन सबैलाई आग्रह गर्नुभयो । भारतका विभिन्न भागमा सो रोग फैलिएपछि प्रशासनले यस्तो कुरा पछिल्लो समयमा बताएको हो ।

## एक करोड २५ लाखको स्केभेटर अलपत्र

■कृपा संवाददाता———

कलैया, १४ माघ/ जिल्ला विकास समिति बाराको स्वामित्वमा रहेको एक करोड २५ लाख बराबरको जापान सरकारले अनुदानमा प्रदान गरेको स्केभेटर अलपत्र अवस्थामा रहेको छ । गत साउन १ गते अमरपट्टी गाविसको सिचाईका लागि मनोहर राउतले लगेको उक्त सामान हाल सोही गाविसको लङ्गडा चौकमा अलपत्र अवस्था रहेको स्थानीयवासी सुरज महतोले जनाएका छन्। दैनिक ८ हजार आर्जन गर्ने स्केभेटर जिविसका लापरवाहीका कारण अलपत्रमा परेको स्थानीयवासीको आरोप रहेको छ ।

## घुस लिनेको फोटो खिच्न खोज्दा दुर्व्यवहार



ईनर्वा प्रहरीलाई घुस स्वरूप रकम दिंदै भारतीय ट्रक चालक । *तस्वीर राम क्षेत्री*

■कृपा संवाददाता———

वीरगंज, १४ माघ/ सिमावर्ती प्रहरी चौकी ईनर्वाले सडकमा बसेर सर्वसाधारणसंग रकम असुली गर्ने गरेको गुनासो भएपछि वास्तविकता

- शेष: पृष्ठ ३ मा

## बाबाको टाउकोमा प्रहरीको लाठ्ठी, हिन्दु राष्ट्र कायम गर्न माग

■कृपा संवाददाता———

वीरगंज, १४ माघ/ नेपाललाई पुन: हिन्दु राष्ट्र कायम गर्नुपर्ने माग राख्दै अनिश्चितकालिन चक्काजाममा उत्रिएका साधु(बाबा) लाई प्रहरीले लाठ्ठी चार्ज गरी भगाएको छ ।

सोमबार विहान साढे ९ बजे देखि वीरगंज, रक्सौल सडक खण्डमा अनिश्चितकालिन चक्का जाम गर्न बसेका बाबाहरुलाई प्रहरीले लाठ्ठी चार्ज गरेर भागाएको हो । हातमा भाला, भण्डा, लाठ्ठी सहित भेला भएका बाबाहरुले नेपाललाई पुन: हिन्दु राष्ट्र कायाम गर्नुपर्ने माग राखेका छन् ।

उनीहरुका चक्काजामका कारण केही बेर वीरगंज, रक्सौलको सड्क खण्ड अवरुद्ध भएपछि प्रहरीले उनीहरुलाई बाध्य भएर लाठ्ठी प्रहार गरेको प्रहरीले दावी गरेको छ ।



चक्काजाम गर्ने खोज्ने बाबालाई भगाउन खोज्दै प्रहरी/तस्वीर:राम क्षेत्री

नेपाल सरकारले २०६३ जेठ ४ गते नै नेपाल हिन्दु निरपेक्ष राज्यको रुपमा घोषणा गरेपछि विश्व हिन्दु संघ लगायत केही हिन्दुवाधी संस्थाहरुले सोको विरोध गर्दै नेपाललाई पुन: हिन्दु राष्ट्र घोषणा गर्न माग गर्दै आइरहेका छन् ।

## जनमोर्चाका कार्यकर्ता अपहरित

बर्दिवास, १४ माघ । जनमोर्चा नेपाल, महोत्तरीका एक कार्यकर्ता अपहरणमा परेको सो दलले बताएको छ । बेलगाछी-७ का २२ वर्षीय खड्गबहादुर आले मगर यही माघ १२ गते जनकपुरको आमसभाबाट फर्कने क्रममा अपहरणमा परेको जनमोर्चा नेपाल, महोत्तरीका सचिव विदुर कार्कीले बताउनुभयो ।

आमसभा सकी खाजा खान पसलतिर गएका आले मगर सो दिनदेखि नै दल र परिवारको सम्पर्कमा नआएको बताउदै सचिव कार्कीले उनको अपहरण भएको हुन सक्ने बताउनुभयो ।

उनको खोजखबर गरी

- शेष: पृष्ठ ३ मा

## जिल्ला विकास समितिको कार्यालय बाराको लेखापरिक्षक सूचिकृत गर्ने बारेको सूचना

यस जिल्ला अन्तर्गतका ९८ गाउँ विकास समितिहरुको आर्थिक वर्ष २०६३-०६४ को आम्दानी खर्चका श्रेस्ताहरुको अन्तिम लेखापरिक्षकहरुबाट निम्न बमोजिमका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सूचिकृतको लागि दरखास्त दिन हुन सम्बधित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दरखास्त साथ संलग्न हुनु पर्ने कागजातहरु**

१. आ.ब. २०६४-०६५ को लागि नविकरण भएको लेखा ब्यावसायी प्रमाणपत्रको प्रतिलिपि
२.पान(Pan) नम्बरको प्रतिलिपि
३. यस कार्यालयमा रु १०५/- बुझाएको नगदी रसिद
४. कार्यरत कर्मचारीको हकमा विभागिय स्वीकृत

## पिपिआरका कारण बाखा मर्नेक्रम तीब्र

■कृपा संवाददाता———

कलैया, १४ माघ/बारा जिल्लाको प्रष्टोका गाविसका स्थानीय कृषकहरुले पालेको बाखामा लागेको पिपिआर भन्ने रोगका कारण बाखा मर्ने क्रममा तीब्रता आइरहेको बताइएको छ ।

सो गाविसमा करिव एक हप्तादेखि फैलिएको उक्त रोगका कारण हाल सम्म १२ वटा भन्दा बढी बाख्राहरु मरिसकेको स्थानीय कृषक सन्देश सिंहले जानकारी दिनुभयो । बाख्रा एक्कासी मर्न थालेपछि कृषकहरु चिन्तित बन्न थालेका छन् । रोग फैल्ने क्रम पनि जारी रहेको कृषकहरुले बताएका छन् ।

## उपभोक्ताद्वारा विद्युतमा तालाबन्दी

■कृपा संवाददाता———

चपुर, १४ माघ/नेपाल विद्युतप्राधिकरणको चन्द्रनिगाहपुर स्थित शाखा कार्यालयमा उपभोक्ताहरुले तालाबन्दी गरिदिएका छन् ।

विद्युत प्राधिकरणले अनियमित तवरले विद्युत कटौती गर्ने गरेका कारण उपभोक्ताहरुले उक्त कार्यालयमा तालाबन्दी गरिदिएका हुन् । दिनमा ६ घण्टा विद्युत कटौती गर्ने प्राधिकरणले सूचना जारी गरेको भएपनि दैनिक १५ घण्टा विद्यूत कटौती हुन थालेपछि तालाबन्दी गरेको उपभोक्ताहरुले बताएका छन् ।

तत्काल प्राधिकरणले समय नघटाएमा तालाबन्दी जारी राख्ने चेतावनी उपभोक्ताहरुले दिएका छन् । तालाबन्दी गरेपछि प्राधिकरणबाट हुने कामकाजहरु ठप्प भएका छन् ।

## जिल्ला प्रशासन कार्यालय पर्सा वीरगंजको सुरक्षा व्यवस्था प्रभावकारी बनाउने बारेको सार्वजनिक सूचना

वर्तमान समयमा स्थानीय सुरक्षाको सम्वेदनशीलतालाई हृदयंगम गरि पर्सा जिल्लावासी सम्पूर्ण महानुभावहरुलाई शान्ति सुरक्षाको प्रतिकुल हुने कुनै पनि कार्य भएमा वा हुन सक्ने सम्भावना देखिएमा वा कुनै अपरिचित व्यक्ति घर भाडामा बस्न आएमा वा भाडामा लिएको घरमा अपरिचित तथा संकास्पद व्यक्तिहरु जम्मा भएको स्थिती देखिएमा तुरुन्तै प्रहरी कन्ट्रोल फोन नं. १००/ १०५/ वा नजिकको सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालयमा जानकारी दिनु भई सुरक्षा व्यवस्थालाई अझ वढी प्रभावकारी तथा सुदृढ बनाउन सहयोग गरिदिनु हुन अनुरोध गरिएको छ ।

## टायरको धूंवाले स्वास्थ्यमा गम्भीर असर पार्छ भन्छन्, चिकित्सकहरु

**कृपा दृष्टि**

नेपालमा एउटा गलत प्रवितिको के विकास भएको छ भने घरमा लोग्ने स्वास्नीबीच झगडा भयो भनेपनि सडकमा उत्रिएर टायर बाल्ने प्रबितिको विकास भएको छ । सबैको विरोध गर्ने पारा केवल सडकमा उत्रिएर टायरबाली विरोध प्रर्दशन गर्ने गर्दछन् । नेपालका तथाकथित राजनीतिक पार्टी भनाउदाहरुले पनि टायरबाली विरोध गर्ने परिपार्टीको सुरुवात गरेका कारणपनि गलत प्रवितिको अन्त्य नभएको हो ।

राजमार्गमा चक्काजाम गर्ने, टायरबाल्ने सरकारले प्रतिबन्ध लगाएको छ । राजमार्गमा चक्काजाम गरे त्यही अनुसारको कारवाहीको ब्यावस्था सरकारले गरेको छ तर कानुन एकातिर छ, अर्कातिर सडकमा टायर बाल्नेक्रम रोकिएको छैन । विरोधका अन्य उपायहरु अपनाउनुपर्छ भन्ने सामान्य सोचाईको समेत प्रर्दशनकारीमा विकास भएको देखिदैन ।

सडकमा बालिने विषेशगरी ति टायरका धूँवाले मान्छेको स्वास्थ्यमा प्रतिकूल असर पार्ने कुरा चिकित्सकहरु बताउछन् । मान्छेको फोक्सोमा यसले गम्भीर असर गर्ने उनीहरुको धारणा छ। वातावरणमा प्रदूषण तथा सडकमा लगाइएको कालोपत्रे पनि टुक्रने देखिन्छ ।

तर यस्ता ठूलाकुरा सडकमा टायर बाल्दा हुन्छ भन्ने कुरा थाहा पाउँदा- पाउदैपनि जनताका लागि टायरबाली रहेका छन् । जनताको भावनालाई पूरै तिलाञ्जली दिदै जनता, वातावरण र समाजलाई प्रदुषण गर्ने काम तथाकथित राजनीतिकदलले गरिरहेका छन्

## महावाणी

ध्यायतो विषयान्पुंसः संगस्तेषूपजायते ।
संगात्सञ्जायते कामः कामात्क्रोधोभिजायते ।।

*When a man allows his mind to muse on the objects of sense-enjoyments, an attraction for them is created. Attraction develops into craving and from craving follow causes for anger.*

प्रधान सम्पादक : नवराज उपाध्याय
प्र. निर्देशक/सम्पादक : कमल कुमार उपाध्याय
९८४५०४१८८५,९८०४२७७३२२
कार्यकारी सम्पादक : कृष्णउदास खनाल, विनोद प्याकुरेल
प्रकाशक/मुद्रक : कुशल प्रकाशन अफसेट प्रेस, बारा
विशेष सहयोगी : ओमप्रकाश ठाकुर / रमेश तिमल्सिना
आई.टी. प्रमुख : भुवन कुमार झा
कार्यालय- आचार्य इलेक्ट्रोनिक्स, भरतचौक, कलैया
फ्याक्स नं. ०५३-५५०५६६,
श्रीपूर, वीरगंज-१६,
फोन नं. ०५१-५२४३६६, फ्याक्स ०५१-५२३०७६
**e-mail**:– kreepadaily@gmail.com
http://kreepa.wordpress.com

## सम्पादकीय.....

## अब विकास निर्माणमा जुटौ

*भन्नलाई त नेपालका नेताहरुले बाघको दूध ल्याउने, आकाशको उड्दै गरेको चरा खसाल्ने कुरा बडा गजवका साथ भन्छन्। आफूले सत्ता पाए देशलाई स्यूल्याण्ड बनाउने भनेर गफ दिन्छन् तर देश कंगो बन्दै गइरहेको तिर उनीहरुको अलिकतिपनि ध्यान गएको जस्तो देखिदैन्। नेपाल विकासकारुपबाट कति पछाडी परेको छ भन्ने कुरा कसैले पनि सोचेका छैनन् नत सोच्न नै चाहेका छन् ।*

*सशस्त्र जनयुद्धका क्रममा माओवादीले ध्वस्तपछि निर्माण हुन्छ भन्दै विभिन्न पुल- पुलेसा लगायत नेपालका कतिपय पूर्वाधारले विश्वभर चिनाएका कतिपय महत्वपूर्ण पुरातात्विक बस्तुहरुलाई माओवादीले ध्वस्त बनाएको छ। ध्वस्त बनाइएको ति बस्तुहरु बनाउन तर्फ नत राज्य नै लागेको छ नत अन्य कुनै पक्षले लाग्नुपर्छ भनेर राज्यलाई दबाब दिएको छ।*

*नेपालको प्रत्येक स्वभिमानसंग गासिएको देशको पूर्वाधारलाई ध्वस्त बनाउन जहिले पनि क्रियाशिल ब्यक्तिहरुले देश स्यूजिल्याण्ड बनाउछन् भनेर सोच्नु मुर्खता मात्रै हो। जनताको भावनालाई सम्मान गर्ने, जनताले भनेको कुरा सुन्नुपर्छ भन्ने भावना नेपालका दलका नेताहरुमा कतिपनि छैन बरु राजानीतिक स्वार्थ परिपूर्ती गर्नका लागि अझैपनि ध्वस्त बनाउन कतिपय दलका भातृ संगठनहरु लागु परेको देखिन्छ। त्यसैले नयाँ नेपाल पूरानै पाराले चल्दैन।*

# वैकल्पिक गिरिजाहरू

### अकेला

अस्ति भर्खर एउटा नराम्रो हल्ला चल्यो। मान्छेहरु आपसमा कानेखुसि गर्नथाले । मलाई पनि त्यो हल्लाले नराम्ररी पिऱ्यो। के साच्चै नै हाम्रा वयोवद्ध प्रधानमन्त्रीज्यू नरहनुभएकै हो त ? मन असाद्धै भारी महशुस भयो। बेलुकीपख यसो टिभी खोलेर हेरेको, बुढा त तगडै देख्छु बा । आखिर हल्लैहल्लाको देश न ठहरियो । एकथरीले यो काम प्रतिगमनकारीहरुको हुनसक्ने लख् काटिरहेका थिए भने बुढा श्वासप्रश्वासका दीर्घरोगी हुन्, दम्को रोगीको कुनै भर हुदैन, अर्कोथरीले भन्दैथिए । कोही सहानुभूति दर्शाउदै थिए, कोही चाहीा आक्रोश पोख्दै थिए । ती सबैका बाबजुद पनि बुढो सहीसलामत रहेछन् । यही नै ठूलो कुरो भयो ।

संक्रमणकालमा अनेकौं थरीका समस्याहरु आईपर्दछन्। त्यस्मा पनि पुरानो राज्यसत्ताको अन्त्य र नयाा राज्यसत्ताको उदय बीचको अवस्थामा। आखिर यस्ता हल्लाहरु आउाछन् कहााबाट ? को फैलाउाछन् यस्ता हल्लाहरु ? यो देशमा त्यस्ता को छन्, जो अहिले नै गिरिजाको अवशान भएको देख्न चाहन्छन् ? हुन त, कसैले चाहदैमा सधैंका लागि गिरिजा बााचिरहने होईन र नचाहादैमा गैहाल्ने पनि हैन। मानिस जन्मेकै मर्नको लागि। सञ्जिवनी बुटी खाएर यहाा को आएको छ र ? एक त, छ्यासी बर्ष पुगिसकेका जीर्ण, स्थूल र बुढो शरीर, जो निषेधित औषधीका भरमा जीवित छ, कतिञ्जेल टिक्नसक्छ ? अर्को कुरा, यस्ता किसिमका वाहियात हल्ला पिटाएर गिरिजा जाने होईन र नपिटाएर सधैंका लागि बसिरहने पनि होईन। बेला आएपछि एकदिन सबैजना जानैपर्छ । आखिरमा सबैको बाटो त्यही हो ।

ईश्वरको कानमा नपरोस, गिरिजालाई कहिल्यै केही पनि नहोस । तर केही भैहाल्यो भने नेपाली काग्रेससाग त्यसको विकल्प के छ, देशकै प्रधानमन्त्री हुनसक्ने त्यो महापुरुष नेपाली काग्रेस, एमाले र माओवादी जस्ता पार्टीभित्र छन् कि छैनन् ? यदि छन् भने को को छन् र छैनन् भने किन छैनन् ? यो महत्वपूर्ण छ। आजका बिभिन्न ताजा सवालहरुमध्ये गिरिजाका विकल्पको खोजी गर्नु पनि नितान्त जरुरी भैसकेको देखिन्छ। किनभने, पहिलो त गिरिजा श्वासप्रश्वासका रोगी छन्, अर्को कुरा उमेरले समेत नेटो काटिसकेको छ। चिकित्सकहरुले पनि निषेधित औषधीका भरमा त्यो जीर्ण शरीरलाई कतिञ्जेल अड्याएर राख्न सक्लान् र खै।

एउटा के कुरा एकदम सत्य हो भने मान्छे जस्तो काम नलाग्ने, बेईमान, धूर्त, स्वार्थी र लालची संसारमा अरु कुनै जीव नै छैन । कसैले छेऱ्यो भने मान्छे नै मऱ्यो, घाटमा लगिसक्यो भन्ने जस्ता अनर्गल प्रचार हुने यो देशको के कुरा गरुा खै ? कसैको अवशानपूर्व नै उस्को विकल्पको खोजि हुनु एक दृष्टिकोणबाट हेर्दा राम्रो हो तर जिउादो मान्छेलाई मरेको हल्ला गरिनु, यो के हो ? कोही भन्लान्( एउटा गिरिजा मरे अर्को गिरिजा आउाछ । कोही भन्लान्(गिरिजाले भन्दा राम्रो चलाउने मान्छे छ यो देशमा । भनेपछि, यो देशमा गिरिजाका थुप्रै बिकल्पहरु रहेछन् । तर के ती बिकल्पहरुमा ती गुणहरु होलान्, जुन गिरिजामा विद्यमान छन् ? यहाानेर यो कुरालाई किन पनि जोड्न खोजिएको हो भने भोली गिरिजालाई अलिकति तलमाथि त परोस, सानातिना कुरामा ज्यानै फालेर लाग्ने हाम्रा नेतागणाहरुमा एकप्रकारको रेस्लिङ नै शुरु भैहाल्नेछ । एकछिनलाई मानौं, गिरिजाका कैयन् विकल्पहरु यो देशमा होलान् । तर एउटा राष्ट्रप्रमुखमा हुनुपर्ने सूझबुझता, असिमित धैर्यता, गाम्भिर्यता र वर्षौं( वर्षौंसम्मको अनुभव ती विकल्पहरुमा होला ? गफ गर्न जति सजिलो हुन्छ, देश चलाउन पनि उत्तिकै कठिन हुन्छ । अर्काको मातहतमा बसेर, अरुद्धारा निर्देशित भएर काम गर्न मान्छेलाई सहज हुनेगर्दछ । तर मातहतका अधिकारीलाई निर्देशन गर्नु, मार्गदर्शन गर्नु भनेको चानेचुने कुरो हुनै सक्तैन । राष्ट्रप्रमुखको जस्तो कूर्सीमा ऐरेगैरे, जो कोहीलाई बसालियो भने त्यो कूर्सीको महत्व नै के रहन्छ ? अर्को कुरा, कुनै अमुक व्यक्तिलाई त्यो कूर्सी सुहाउनु पनि पऱ्यो। उ त्यो लायकको पनि हुनुपऱ्यो । राष्ट्रप्रमुखको भूमिका निर्वाह गर्नु भनेको मामुली कुरामा पनि रनक्क रिसाउने, भाषण गर्दा राताराता गाला बनाउनु जस्तो हुदैन । त्यस्को लागि धैर्यता, सहिष्णुता, ईमान्दारीता, निस्वार्थ भाव आदि आदि धेरै कुराहरुको आवश्यकता पर्दछ । अनि मात्र कसैले त्यो पदमा रहेर काम गर्न सक्दछ । जवकी, एउटा घर चलाउन त मान्छेलाई कठिन हुन्छ, एउटा सानो सास्था चलाउन त कत्ति गाह्रो हुन्छ, एउटा गाविस, एउटा कार्यालय आदि चलाउन त मान्छेलाई कति हम्मेहम्मे पर्छ । फर्ष्टक्लासका हाकिम साहेवहरुलाई एउटा कार्यालय, विभाग तथा मन्त्रालयको दैनिकी चलाउन त कति डण्डा पेल्नुपर्छ भने देश चलाउनु भनेको केटाकेटीले गुलेली खेलाए जस्तो त पक्कै पनि नहुनुपर्ने हो ।

मलाई यहाा एउटा अर्को प्रसंग जोड्न् मनलाग्यो। नेशनल जोग्राफिक टीमले सार्वजनिक गरेको एउटा प्रतिवेदन अनुसार चीनको महान सर्वहारा क्रान्तिका अग्रदूत कामरेड माओत्से(तुङमा पार्टी कार्यकर्ता तथा लालसेनालाई कमाण्डिङ गर्नसक्ने सबैखाले गुण र क्षमताहरु विद्यमान थिए । तर उनमा राज्य सञ्चालन कसरी गर्ने भन्ने ज्ञान र अनुभवको कमी थियो। यस्लेगर्दा माओले हत्तपत्त चीनमा महान सास्कृतिक क्रान्ति भनिएको अभियान सञ्चालन गर्नपुगे, जस्ले गर्दा चीन अग्रगमनतर्फ जानुको सट्टा अधोगतितर्फ लागेको इतिहास साक्षी छादैछ । कलान्तरमा आएर तियानमेन चोकमा जब हजारौं विद्यार्थीहरुले विरोध गरे, सहादत प्राप्त गरे, त्यसपछि मात्र तत्कालिन चिनीया सरकारको आाखा खुल्यो र चीनिया जनतालाई पनि खुल्ला आकाशमा विचरण गर्ने अवसर प्रदान गरियो । चिनीया सरकारको त्यो नीतिले नै चीनलाई आजको युगमा प्रवेश गराएको हो भन्दा अतिशयोक्ति नहोला । राष्ट्रप्रमुख जस्तो अति सम्वेदनशील र जिम्मेवार पदमा बसेको मान्छेले जथाभावी बोल्ने कुरो हुदैन । उसको एउटा सानो गल्तीले गर्दा पूरै मुलुकले त्यस्को भरपाई गर्नुपर्ने हुनसक्छ । जस्तो कि मानौं, एउटा कुनै सनकीलाई अमेरिकाको राष्ट्रपति बनाईदियो र उसको मुखबाट कुनै अपशब्द मात्रै निस्कियो भने पूरै विश्व नै खरानी हुनसक्दछ । त्यसैले गर्दा पनि मधेसको मामिलामा गिरिजा केही बोलिरहेका छैनन् । त्यसैले पनि उनी जातजाति, धर्म, सम्प्रदाय, लिंग, वर्ग, क्षेत्र आदिका बारेमा केही भनिरहेका छैनन्। उ त केवल समग्रमा समेट्ने किसिमले बोलिरहेको सुनिन्छ । छोरी सुजातालाई बिना बिभागीय मन्त्रीमा नियुक्त गरेपछि पुनः एकपटक विवादमा परे पनि गिरिजालाई पूरै निकम्मा भन्नमिल्ने अवस्था कत्ति पनि देखिदैन । किनभने, सर्वगुणसम्पन्न यहाा को मान्छे हुन्छ र ? केही कमी कमजोरी हिजो बिपीमा थिए, गणेशमानमा थिए, मनमोहन अधिकारीमा थिए भने गिरिजा मात्र कुन खेतको मूला हो र कमी कमजोरी नै नहुने ?

गिरिजालाई उपचारार्थ विदेशमा लैजाने अर्को हल्ला पिटिएको छ, जुन हल्लै भए पनि सकारात्मक छ । बिदेशको राम्रो अस्पतालमा राखेर, अनुभवी चिकित्सकहरुद्वारा स्वास्थ्य परीक्षण गर्न लगाएर पूर्णस्वस्थ्य बनाएर स्वदेश ल्याए हुन्छ। जिन्दगीमा अनेकौं किसिमका आरोह(अवरोह पार गरिसकेका यी वृद्धका आफन्त भन्नु ढाई करोड नेपालीहरु नै त हुन् । तर गिरिजालाई आर्यघाट पनि पुऱ्याउनै नपाईकन यस्तो किसिमको हल्ला पिटिनु भनेको नयाा नेपाल निर्माणको यस घडिको लागि निश्चय पनि शुभ हुन सक्तैन । साढेको झर्ला र खाउाला भनेझैा मुख बाएर बस्नेहरु यो देशमा धेरै होलान् । तर कसैले गाउाको सबैभन्दा मोटो गोरु मरेहुन्थ्यो भन्दैमा दानापानी नसकिकन यहााबाट कोही पनि जानेवाला छैनन् । अन्नपानीको यो शरीरको के भरोसा छ र ? आज छ, भोली छैन । भोली के, उत्तिखेरै हुदैन । गिरिजाको अवशानको लागि धूप हाल्नेहरुलाई पनि थाहा हुनुपर्ने हो कि कालले सानो(ठूलो, धनी(गरिव, उाच(निच, बुढो(ठिटो केही भन्दैन । के थाहा, सुशिल, रामचन्द्र, अर्जुन नरसिंह, माधव, प्रचण्ड, बाबुराम आदि आदिमध्ये जो कोही गिरिजाभन्दा अगाडि पनि त लाग्न सक्दछन् । कालको के ठेकान् ? आयो, टप्प टिप्यो, लग्यो । मिति आईसकेपछि कस्ता कस्ताले त सकेनन् । गिरिजा जावा बुढाको के कुरा ।

# भारतीय पर्यटक बढेपछि प्रचारका लागि पर्यटन व्यवसायी भारततिर

### सूर्यचन्द्र बस्नेत

मनोरञ्जन, प्राकृतिक दृश्यावलोकन, धार्मिकस्थल र पदयात्रामा रम्न चाहने भारतीय पर्यटकका लागि देशमा शान्ति बहालीसँगै पोखरा आकर्षणको केन्द्रबिन्दु बनेको छ भने पोखरा भित्रिने भारतीय पर्यटकको सङ्ख्या पनि क्रमशः बढ्दो छ ।

तालतलैया, हिमाल, सुन्दर प्राकृतिक दृश्य र सांस्कृतिक जनजीवनको अवलोकन एवम् अल्ट्रा साउण्ड, प्याराग्लाईडिङलगायतका साहसिक खेलका उडानको स्वाद लिँदै प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ र मानसरोवर जानका लागि भारतीय पर्यटकको मुख्य गन्तव्यका रूपमा पोखरा विकसित हुँदैछ ।

शान्ति बहालीपछि पोखराको सेरोफेरोको घुमघाम र 'हनिमुन यात्रा'का लागि दिल्ली, मुम्बई, कोलकाताका युवापुस्ताको सङ्ख्या पोखरामा बढेको पर्यटन व्यवसायीको भनाइ छ। "मुक्तिनाथ, दामोदरकुण्ड, मानसरोवरजस्ता धार्मिकस्थल र गुफा, तालतलैया, हिमाली दृश्यावलोकन गर्ने भारतीय पर्यटक बढ्दो छन्" स्वयं पर्यटन व्यवसायी रहनुभएका नेपाल पर्यटन बोर्डका सदस्य वासु त्रिपाठीले बताउनुभयो । पर्यटकको आकर्षणको अर्को केन्द्र यहाँ सञ्चालित क्यासिनो पनि हो । केही समयदेखि पोखरा-दिल्ली हप्ताको तीन दिन नियमित बससेवा सुरु गरिएपछि यहाँको पर्यटन प्रवर्द्धनमा अत्यन्त सहयोग पुगेको देखिएको छ ।

पर्यटकहरू पोखरा गर्मी छल्नका लागि जेठदेखि साउनसम्म बढी आउने गरे पनि विस्तारै सबै मौसममा भारतीय पर्यटकको आगमन बढेको पाइएको छ। पोखरा आउनेमा दक्षिण भारत चेन्नई, हैदराबाद, मुम्बईलगायतका पर्यटक हेलिकप्टर र पदयात्राका माध्यमबाट धार्मिकस्थल मानसरोवर, मुक्तिनाथ र दामोदरकुण्डतिर बढी जाने गर्छन् ।

केही वर्षयता दिल्ली, मुम्बई, कोलकाताका युवा 'हनिमुन यात्राका लागि पोखरामा निकै आएको नेपाल ट्राभल एण्ड ट्रेकिङ एजेन्ट्स एसोसिएसन (नाटा)को पश्चिमाञ्चल क्षेत्रीय समितिका अध्यक्ष पशुपति शर्माले जानकारी दिनुभयो । शर्माले भन्नुभयो-"हिमाली दृश्यावलोकन, तालतलैया र पोखरा सेरोफेरो घुम्ने भारतीय हनिमुन जोडीका लागि पोखरा स्वर्ग नै हो ।" हवाई यातायातबाट नेपाल आउने पर्यटकमध्ये ३३ प्रतिशत भारतीय पर्यटक रहेका छन्। त्यसमध्ये करिब ३० प्रतिशत पोखरा आउँछन् । स्थलमार्गबाट आउने भारतीय पर्यटकको सङ्ख्या अझ बढी भएको अनुमान छ ।

एकथरि पर्यटक चुह्लाचौका बोकेर आउने भए पनि तेस्रो विश्वका पर्यटकको दाँजोमा उच्च र मध्यम वर्गका भारतीयको बसाई थोरै तर घुमाई र खर्च बढी हुने गरेको व्यवसायीको भनाइ छ। बोर्ड सदस्य त्रिपाठीका अनुसार "भारतीय पर्यटकको बसाई थोरै भए पनि उनीहरू घुमफिर र अन्य दैनिक खर्च बढी गर्छन्, तेस्रो विश्वभन्दा भारतीय पर्यटकको नेपालमा महत्व बढी छ।"

शान्ति बहालीपछि स्थल र हवाई मार्गबाट पोखरा आउने भारतीय पर्यटकको सङ्ख्या पनि बढेको छ। सन् २००६ मा कुल ९५ हजार पर्यटक पोखरा आएकामा २४ हजार भारतीय थिए । त्यसको अघिल्लो वर्ष सन् २००५ मा भने १६ हजार ८८७ र पोखरा भ्रमण वर्षमा ४४ हजार भारतीय पर्यटक पोखरा आएका थिए । सन् १९९९ मा भने अहिलेसम्मकै सर्वाधिक भारतीय पर्यटक ४६ हजार ७६१ ले पोखरा भ्रमण गरेको बताइएको छ । "शान्ति स्थापनापछि दक्षिणी भारतका पर्यटक बढी आएको देखिएको छ । ठूला होटलबाट प्राप्त प्रारम्भिक तथ्याङ्क केलाउँदा सन् २००७ मा यो सङ्ख्या ३५ हजारभन्दा बढी भएको अनुमान छ" पर्यटन कार्यालय, पोखराका प्रमुख विष्णु घिमिरेले स्पष्ट पार्नुभयो । पोखरा आउने तेस्रो विश्वका पर्यटकमा जापान, बेलायत, अमेरिका, इजरायल र स्विट्जरल्याण्डका बढी छन् ।

नेपाल पर्यटन बोर्डले भारतका मुख्य सहरलाई केन्द्रित गरेर 'ट्राभल ट्रेड फेयर'मा सहभागिता, सञ्चारमाध्यमबाट प्रचारप्रसार र ती ठाउँका पर्यटन व्यवसायीसँग हातेमालो गरेर अघि बढ्ने प्रयास गरिरहेको छ ।

द्वन्द्वले धराशायी बनेको पर्यटन उद्योगलाई उकास्न शान्ति बहाली प्रक्रियासँगै पोखरेली पर्यटन व्यवसायीले आन्तरिक पर्यटकका साथै भारतीय पर्यटक बढाउन शान्ति बहालीको सन्देशसहित प्रचारात्मक अभियान पनि सुरु गरेका छन् ।


शान्ति बहालीको मौका छोपेर गतवर्ष नाट्टाको पश्चिमाञ्चल क्षेत्रीय समिति, पोखराले भारतको सुनौल, गोरखपुर, वाराणसीजस्ता पर्यटकीय स्थलहरूमा पर्यटन व्यवसायी, पत्रकार, पर्यटन कार्यालयका पदाधिकारीको सहभागितामा अन्तरक्रिया, प्रेस भेटघाट र प्रचार कार्यक्रमको आयोजना गरेको थियो। नेपाल घुम्नका लागि शान्त र रमणीय छ भन्ने समाचार र सन्देश उनीहरूकै ठाउँमा पुगेर जानकारी दिइएको उक्त प्रवर्द्धनात्मक यात्रा पोखराको पर्यटन प्रवर्द्धनका लागि कोसेढुङ्गा साबित भएको सङ्घका पूर्व अध्यक्ष हरि शर्माको अनुभव छ ।

सबै मौसममा पोखरा घुम्नका लागि सुरक्षित र शान्त छ भन्ने सन्देशसहित सङ्घले यस वर्ष पनि भारतका मुख्य सहरहरूमा पुगेर त्यहाँका पर्यटन व्यवसायी, सञ्चारमाध्यम र सरोकारवालासँग छलफल गर्ने कार्यक्रम बनाएको छ ।

सो कार्यक्रमअन्तर्गत पोखरा सेरोफेरोका प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र पर्यटकीय स्थलको प्रचार, भारतीय पर्यटकका लागि नेपाल मुख्य गन्तव्यस्थल हो भन्ने सन्देशमूलक प्रवर्द्धनात्मक सामग्री वितरण र त्यहाँका पर्यटन व्यवसायी एवम् पत्रकारलाई नेपाल घुम्नका लागि अभिप्रेरित गरिने समितिका अध्यक्ष पशुपति शर्माले जानकारी दिनुभयो ।

"मुख्यतः कोलकाता र भारतीय मूलका नेपाली भाषी र नेपालप्रति माया भएका सिक्किम, दार्जीलिङ, सिलिगुडी क्षेत्रमा पर्यटन प्रवर्द्धन कार्यक्रम लिएर पुग्दैछौँ" अध्यक्ष शर्माले भन्नुभयो । त्यसपछि दक्षिण भारत, चीन र थाइल्याण्डमा पनि प्रवर्द्धनात्मक कार्यक्रम गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो । छिमेकी देश भारतबाट थप पर्यटक भित्र्याउन नेपालका चालु विमानस्थलहरूबाट मुख्य सहरहरूमा सिधा हवाईसम्पर्क बढाउनुपर्ने, १७८ किलोमिटर लामो सुनौली-पोखरा स्थलमार्गमा पर्यटक बस सञ्चालन गर्ने,

- शेषः पृष्ठ ३ मा



## खेल समाचार

# दशौं राष्ट्रिय महिला फुटबलमा भाग लिन खेलाडी प्रस्थान

■कृपा संवाददाता——
सिमरा, १४ माघ/ कन्चनपुरमा भइरहेको दशौं राष्ट्रिय फुटबल प्रतियोगितामा भाग लिन सोमबार बारा जिल्लाका महिला खेलाडीहरु त्यस तर्फ प्रस्थान गरेका छन् ।

अखिल नेपाल फुटबल संघको आयोजनामा संचालन भइरहेको सो प्रतिस्पर्धामा भाग लिनका लागि क्याप्टेन रजनी लामाको नेतृत्वमा प्रशिक्षक रमेश कटुवाल, टिम मेनेजर विष्णु खड्का तथा न्यू जनजागृती युवा क्लबका सचिव शम्भु सिंह ठकुरी लगायतका १६ खेलाडी त्यस तर्फ प्रस्थान गरेको क्लबका राजकुमार भट्टराईले जानकारी दिनुभयो ।

# हतियारसहित पक्राउ

विराटनगर, १४ माघ । प्रहरीको गस्तीटोलीले मोरङ जिल्लाको दक्षिणी सीमावर्ती बुधनगर गाउा विकास समितिका ४४ वर्षीय रजिया भन्ने राजेन्द्रदास तत्माबाट दुई थान कटुवा पेस्तोल बरामद गरेको छ ।इलाका प्रहरी कार्यालय, रानीका अनुसार गस्तीका क्रममा सोही गाविसको हाटबजारमा शङ्कास्पद रूपमा हिाड्डुल गरिरहेका अवस्थामा उनलाई पक्राउ गरिएको थियो । उनको शरीर खानतलासीका क्रममा ती हतियार र सोमा प्रयोग हुने तीन राउन्ड गोली बरामद भएको प्रहरीले जनाएको छ ।

अभियुक्तलाई हिरासतमा राखी हातहतियार तथा खरखजाना नियन्त्रण ऐनअन्तर्गत मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान थालिएको छ । रासस

# मानवअधिकारवादीको रोहवरमा कर्मचारीहरू बाहिर

मकवानपुर, १४ माघ । मकवानपुरको बसामाडीमा रहेको युनिलिभर नेपाल लिमिटेड आज पनि बन्द रहेको छ । हिजो स्थानीय वासिन्दाले तालाबन्दी गरेपछि बिहानी सिफ्टका ४७ कर्मचारी आज मानवअधिकारवादीको रोहवरमा बल्ल उद्योगबाट बाहिर निस्कन पाएका छन् ।

उद्योगलाई आवश्यक कर्मचारी स्थानीयस्तरकै राखिनुपर्छ भन्ने माग गरेर स्थानीय वासिन्दाले गरेको तालाबन्दीका कारण अन्य कर्मचारी भित्र छिर्न पाएका छैनन् भने भित्र रहेका कर्मचारीहरुलाई आज दिउसो निकालिएको छ । आन्दोलनकर्मी र उद्योग व्यवस्थापनपक्षबीच वार्ताका लागि जिल्ला प्रशासन कार्यालयमा बैठक बस्ने भनिए पनि स्थानीय वासिन्दाले मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई बसामाडीमै आउनु पर्ने माग गरेर तालाबन्दी गरिरहेका छन् । प्रशासनले भने बल प्रयोग गरेर तालाबन्दी खुलाउने प्रयास गर्न लागेको छ ।

# घुस लिनेको ...

बुझ्री सो दृष्य आफ्नो क्यामरामा कैद गर्न गएका फोटो पत्रकारमाथि उक्त प्रहरी चौकीका प्रहरी प्रमुखले नै दुर्व्यवहार गरेका छन् ।


सोमबार दिउसो उक्त ठाउँ पुगेका कृपा दैनिकका फोटो पत्रकार राम क्षेत्री, लगायत नितेश माथेमा तथा सुबोध सिंहलाई उक्त प्रहरी चौकीका ईन्चार्ज खिम बहादुर धमले त्यसरी दुर्व्यवहार गरेका हुन् । भारतबाट नेपाल भित्रने प्रत्येक ट्रकबाट रकम असुली उक्त प्रहरी चौकीले गर्ने गरेको आरोप स्थानीयवासीले लगाएका छन् । घुस लिएपछि किन रकम असुली गर्नु पऱ्यो भनी संचारकर्मीहरुले चौकी प्रमुख धमसंग प्रश्न गर्दा चियाको लागि लिने गरेको जवाफ गरेको राम क्षेत्रीले जनाएका छन् । दुर्व्यवहार गर्दै पत्रकारहरुलाई उक्त क्षेत्र निशेधित भएको भनि फोटो खिच्न नदिएको पनि उनले बताएका छन् ।

## विदेशी विनियम दर रेट

| मुद्रा | एकाइ | खरिददर (रु मा) | विक्रीदर (रु मा) |
|---|---|---|---|
| भारतीय रुपैयां | १०० | १६० | १६०.१५ |
| अमेरिकी डलर | १ | ६३.११ | ६३.७० |
| युरो | १ | ९३.१३ | ९४.०० |
| पाउन्ड स्टर्लिङ | १ | १२५.१८ | १२६.३६ |
| स्विस फ्रैंक | १ | ५७.८० | ५८.३४ |

## आजको रासिफल

| | | | |
|---|---|---|---|
| मेष | भौतिक सुखसमृद्धि वढनेछ । | तुला | खर्च वढनेछ। |
| बृष | कार्यमा सफलता मिल्नेछ । | वृष्चिक | मन चिन्चित रहनेछ। |
| मिथुन | मनमा चिन्ता लाग्नेछ । | धनु | समय परिस्थितिले साथ दिनेछ। |
| कर्कट | सोचेको कार्य अधुरो हुनेछ । | मकर | शुभ समाचार मिल्नेछ। |
| सिंह | नोकरीमा बाधा आउनेछ । | कुम्भ | मिष्टान भोजन मिल्नेछ । |
| कन्या | प्रेममा धोका हुनेछ । | मीन | बाहन सुख मिल्नेछ। |



## अर्थ जगत

# मिल्क होलिडेको समस्या हट्यो

मकवानपुर, १४ माघ दुग्ध वितरणमा एकद्वार नीति अपनाइएपछि मकवानपुरका कृषकहरूले लामो समयदेखि भोग्दै आएको 'मिल्क होलिडे' को समस्या हटेको छ । पशुपालक कृषकहरूको छाता सङ्गठन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घले दुग्ध आयोजनालाई समयतालिका बनाई एकद्वार प्रणालीअनुसार दूध दिन सुरु गरेपछि किसानको समस्या हटेको हो ।

'जिल्लामा रहेका ५६ वटा दुग्ध सङ्कलन केन्द्रबाट सङ्कलित दूध विभिन्न पाँच चिस्यान केन्द्रमा राखी उद्योगले माग गरेअनुसार दिइने गरिन्छ ।' सङ्घका अध्यक्ष नारायणप्रसाद देवकोटाले भन्नुभयो– 'पहिला आयोजनाले किसानसँग सिधै दूध लिन्थ्यो तर अहिले सङ्घबाट मात्रै लिने हुँदा हाम्रो समस्या हटेको छ ।'अहिले सङ्घले हेटौंडा दुग्ध विकास आयोजनालाई सात हजार, हेटौंडा डेरी, नेवारपानीलाई सात हजार र नारायणी मिल्क एण्ड फुडलाई दुई हजार लिटर दूध दैनिक दिने गरेको छ ।

आयोजनाको तालिका अनुसार किसानसँग दूध लिादा मासिक चारदेखि ६ दिनसम्म दुग्ध बिदा हुँदा किसानहरूले घाटा व्यहोर्दै आएका सङ्घका अध्यक्ष देवकोटाले बताउनुभयो ।

दूध बढी उत्पादन हुने मङ्सिर, पुस, माघ र फागुनमा मिल्क होलिडे हुने गरेको थियो । मकवानपरमा करिब दस हजार किसानबाट दैनिक १५ देखि २१ हजार लिटर दुग्ध सङ्कलन हुने गरेको सङ्घले जनाएको छ । रासस

# इकाई कमिटी गठन

कृपा संवाददाता -------------
वीरगंज, १४ माघ मधेशी युवा फोरम पर्साको वीरगंज उपमहानगरपालिका वडा नं. ३ छपकैया टोल इकाई समिति गठन भएको छ ।मधेशी युवा फोरमका केन्द्रीय सचिवालय सदस्य फिरोज मन्सुर,जिल्ला सचिव उमेशलाल सहनी, केन्द्रीय सदस्य विन्देश्वर यादव र उपस्थितिमा नरोत्तम श्रीवास्तवको अध्यक्षतामा १५ सदस्यीय टोल इकाई कमिटी गठन भएको छ ।

# कोइरालाको वार्षिकी पुन्य तिथि कार्यक्रम सम्पन्न

■कृपा संवाददाता——
वीरगंज, १४ माघ /नेपाल महिला संघकी संरक्षक एवं नेपाली कांग्रेसकी नेतृ नोना कोइरालाको प्रथम वार्षिक पुन्य तिथिको अवसरमा नेपाल महिला संघ पर्साले आज वीरगंजमा एक कार्यक्रमको आयोजना गरेको छ ।

वार्षिकी पुन्य तिथिको अवसरमा आयोजित कार्यक्रममा सहभागि वक्ताहरुले वहांले नेपाल र नेपालीको लागि पुऱ्याएको योगदान स्हानिय भएको बताएका थिए ।

नेपाल महिला संघ पर्साकी अध्यक्ष विद्या श्रेष्ठ र राधा कार्कीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल महिला संघ पर्साका पूर्व अध्यक्ष रमा भट्ट, नेपाली कांग्रेसकी उपसभापति शान्ति कार्की, नेपाली कांग्रेसका सहसचिव राधेश्याम चौरासिया, महिला विभाग प्रमुख पर्साकी प्रमुख उत्तमा उपाध्याय, मिरा ढकाल, नेपाल प्रेस युनियन पर्साका उपसभापति युवाराज खडका लगायले बोल्नुभएको थियो ।नेपाललाई हिन्दु राज्य घोषणा गर्नु पर्ने माग राख्दै नेपाल भारत सिमामा रहेको वीरगंजको शंकरचार्य गेटमा साधुसन्तहरुले होम गर्नुका साथै धर्ना दिएपछि वीरगंज(रक्सौल सडक खण्ड अहिले ठप्प भएको छ ।विहान नौ बजे देखि भारतबाट आएका साधुसन्तहरुले बाटोमा नै होम गर्दै नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गरिएको प्रति विरोध गर्दै नेपाललाई पुनः हिन्दु राज्य घोषणा पर्ने माग गरेका छन् ।सो सडक खण्ड क्षेत्रमा अहिले यातायात सुचारु गर्नका लागि प्रहरीले साधुसन्तहरु लाई हटाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ ।

## वीरगञ्ज उद्योग वाणिज्य सँघको प्रेस विज्ञप्ति

वीरगञ्ज लगायत बारा/पर्सा औद्योगिक कोरिडोरमा अवस्थित उद्योगहरू मुलुकको औद्योगिक विकासमा यथेष्ट योगदान पुऱ्याउँदै आए तापनि मुलुकको असहज परिस्थिति, श्रम विवाद आदि कारणले उद्योगधन्धा धराशायी हुने सँघारमा रहेको अवस्थामा नेपाल विद्युत् प्राधिकरणद्वारा गत एक सप्ताहदेखि लागु गरिएको अनियमित लोडसेडिङ्ले उद्योग/व्यवसाय तथा सम्पूर्ण आम नागरिकमा पर्न गएको कठिनाईप्रति सङ्घको गम्भीर ध्यानाकर्षण भएको छ । उद्योग सञ्चालन तथा आम नागरिकको दैनिक जीवनमा पर्दे आएको कठिनाइएको सङ्घले घोर आलोचना तथा कडाभन्दा कडा विरोध गर्दै विद्युत प्रवाहलाई यथाशीघ्र नियमित गर्न सङ्घ सम्बन्धित निकायहरूमा जोडदार माग गर्दछ ।



## विश्व समाचार

# जेद्दामा तीनलाई मृत्युदण्ड

दुबई, १४ माघ एक भारतीयसहित तीन दक्षिण एशियाली नागरिकलाई जेद्दामा एक बृद्धाको हत्या गरेको अभियोगमा मृत्युदण्डको सजायँ सुनाइएको छ ।श्रीलंकाली नागरिक हालिम निसा सेडार, उनका तमिल नाडू निवासी भारतीय पति नौसाद र अर्का श्रीलंकाली के एम एस बन्दरानाइकेलाई एक सउदी महिलाको घरमा गरिएको सशस्त्र डकैती र ती महिलाको हत्या सम्बन्धमा सन् २००५ को नोभेम्बरमा गिरफ्तार गरिएको अरब न्यूजले सोमबार जनाएको छ ।त्यहाँको अदालतको यो फैसलाको विरुद्ध अपील गर्न ती अभियुक्तलाई सात दिनको समय छ ।

यस अतिरिक्त यो अपराधमा संलग्न भएका दुई महिलासहित अन्य पाँच श्रीलंकाली नागरिकलाई पाँच वर्ष लामो कारावास सजाय सुनाइएको छ ।

उनीहरूमाथि पाँच सय पटक कोर्रा हान्ने आदेश पनि अदालतले दिएको छ ।अदालतले जनवरी २० मा १५ पेज लामो लिखित फैसलादिएको हो । रासस/पिटिआइ

# इण्डोनेसियामा सात दिने राष्ट्रिय शोकको घोषणा

*नुसा डुआ (इण्डोनेसिया)/ माघ १४*

इण्डोनेसियाको बाली द्वीपमा जारी भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (अन्क्याक) मा सहभागी इण्डोनेसियाका मन्त्रीहरुसहित त्यस सम्मेलनमा सहभागी विभिन्न मुलुकका प्रतिनिधिहरुले इण्डोनेसियाका दिवंगत राष्ट्रपति सुहार्तोको सम्मानमा आज एक मिनेट मौन धारण गऱ्यो ।

सुहार्तोको निधनकै बीच भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय सम्मेलनको उदघाटन हुन गैरहेको छ ।

सम्मेलनमा सुहार्तोको निधनमा शोक मनाउन संयुक्त राष्ट्रसङ्घको झण्डा आधा झुकाइएको छ ।

इण्डोनेसियामा सुहार्तोको निधनमा शोक मनाउन ७ दिने राष्ट्रिय शोकको घोषणा गरिएको छ ।

आधिकारीकरुपमा त्यस सम्मेलनको उदघाटन इण्डोनेसियाका राष्ट्रपति सुशिलो बामबाङबाट हुने कार्यक्रम भएपनि सुहार्तोको अन्त्येष्टिका लागि वर्तमान राष्ट्रपति बामवाङ मध्ये जाभातर्फ प्रस्थान गर्नुभएकाले उदघाटन समारोह रद्द गरिएको छ । रासस

# सुहार्तो विरूद्धको भ्रष्टाचार मुद्दा जारी रहने

*जकार्ता/ माघ १४*

इन्डोनेसियाका पूर्व राष्ट्रपति सुहार्तोको निधन पछि पनि ऊ विरुद्धको अरबौं डलरको भ्रष्टाचार सम्बन्धी मुद्दा जारी रहने वकिलहरूले सोमबार बताएका छन् ।

सुहार्तो र ऊ अध्यक्ष रहेको एक कल्याणकारी संस्था विरुद्ध सरकारको तर्फबाट एक मुद्दा दायर छ जसमा एक अर्ब ४० करोड अमेरिकी डलर बराबरको सम्पत्ति सोधभर्ना र क्षतिपूर्तिको माग दाबी गरिएको छ । यसैगरी अर्को समाचार अनुसार दक्षिणी सोमालियाली शहर किस्मायोमा शक्तिशाली विस्फोट हुंदा चार जनाको मृत्युभएको प्रहरीले आज जनाएको छ ।मर्नेहरुमा त्यहाँ कार्यरत विदेशी चिकित्सकहरु र एक सोमालियाली नागरिक भएको बताइएको छ। त्यस विस्फोटमा परी अर्का एक चिकित्सक र तीन सोमालियाली गरी चारजना घाइते भएका छन् ।किस्मायोका प्रहरी प्रमुख इब्राहिम कालिफ श्याम्फोलका अनुसार सोमालियाका स्वास्थ्य क्षेत्रमा सहयोग गर्नका लागि त्यहाँ कार्यरत नेडरल्याण्डको मेडिसिन सान फ्रन्टियर नामक संस्थामा कार्यरत ती चिकित्सकहरु आफ्नो गन्तव्यतर्फ जाँदै गर्दा विस्फोटमा परेको बताइएको छ । रासस

# भारतीय पर्यटक...

पोखरा-भैरहवाबीच नियमित हवाई उडानको व्यवस्था गर्ने तथा मुक्तिनाथ जान पोखराबाट मुस्ताङ हवाई सम्पर्क नियमित गराउनुपर्ने पर्यटन व्यवसायीको धारणा रहेको छ । "भारतका मुख्य सहरसँग सिधा हवाई सम्पर्क, स्तरीय पर्यटक बस सञ्चालन र ोखरा आएपछि जोमसोमलगायतका क्षेत्रमा पुग्न नियमित हवाई उडानजस्ता कार्यक्रम तत्काल सुरु हुनुपर्छ," पोखरा पर्यटन परिषद्का सचिव टीकाराम सापकोटाको सुझाव छ ।दीर्घकालीन रूपमा क्षेत्रीय विमानस्थलको विकास, स्थलमार्गको स्तरोन्नति तथा नियमित सुविधासम्पन्न पर्यटक बस सञ्चालन, धर्मशाला व्यवस्थापन, क्यासिनो सञ्चालनजस्ता पक्षमा ध्यान दिनुपर्ने आवश्यकता पनि औंल्याइएको छ । रासस

# जनमोर्चाका ...

अपहरणमुक्त गराउन आवश्यक पहल गरिदिन उनका परिवारजनले मानवअधिकारकर्मी, सञ्चारकर्मी र सम्बद्ध पक्षसाग अपिल गरेका छन् । अहिलेसम्म आले मगरको अपहरणबारे कसैले जिम्मेवारी लिएका छैनन् । रासस

## आजको सुनचाँदीको मूल्य विवरण

| विवरण | १० ग्राम |
|---|---|
| छापा सुन | १८,७७५/ - |
| तेजावी सुन | १८,६४५/- |
| असल चाँदी | ३४३।- |

## वर्गिकृत विज्ञापन

| रू. १००।- मा एक लाख | चाडै गरौ | | |
|---|---|---|---|
| मात्र रु. १००।- मा बारा, पर्सा, रौतहट, मकवानपुर, सर्लाही, सिन्धुली सम्म विज्ञापन गराउनको लागि । सम्पर्क:- ९८४५०४१७१५, ९८४५०४१८८५ ९८४५०५७६४८ | स्तरीय ग्यारेण्टी भएको उचित मूल्यमा किस्तावन्दी गरी इलेक्ट्रोनिक्स सामान चाहिएमा । सम्पर्क: आचार्य इलेक्ट्रोनिक्स भरत चौक, कलैया, बारा | तपाईको भाग मात्र रु १००।- मा | तपाईको भाग मात्र रु १००।- मा |

## नेशनल मेडिकल कलेज नै किन ?

यस अस्पतालका विशिषताहरू:
सबै रोगको अत्याधुनिक मेशिनबाट सुक्ष्म उपचार
स्वदेशी तथा विदेशी दक्ष चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण
सम्पूर्ण रोगको अलग-अलग विशेषज्ञहरूद्वारा उपचार
यसका अलावा सम्पूर्ण सुविधाबाट सुसज्जित



नेशनल मेडिकल कलेज
वीरगंज-१८, भेडियाही, पर्सा
फोन नं. ०५१-५३२२६०, ५३२२६१, ५२२९३६

## मेरो नेपाल




पत्रकारसम्मेलन आयोजना गर्दै हड्तालमा उत्रेका बारा सिमरास्थित बहुराष्ट्रिय कम्पनी सूर्य नेपालका मजदुर ।
*तस्वीर -विनोद प्याक'रेल*

## तिमिल्सिनाको चटनी



*प्रसस्त गृह कार्य नगरी लागु गर्ने*
*सम्बन्धित निकायको बानी छ*
*त्रुटी भयो भने केही नभए जस्तो*
*आखा चिम्लिने बानी छ*
*त्यसैले यहा राष्ट्रिय स्वार्थ*
*जहिले पनि धरापमा पछ*
*काम विगाऱ्यो, सुधार्नु भन्दा*
*अरुलाई दोष थुपारी उम्कने बानी*
*छ।*

## चुरे पहाडबाट हेर्दा संधै आम सभा होस ... ...



पर्सी बीरगंजमा हुने सात दलको आमसभालाई सफल पार्न बिद्युत्त कर्पोरेशनको लोडसेडिंग पनि हटेको देख्दा सुलसुले मख्ख परेर भन्न थाल्यो -कमसे कम बीरगंजका सम्पुर्ण ब्यापारी तथा नागरीक समाजले यो सातदलको आमसभा हप्ताको एउटा राख्नुपर्ने अनिवार्य रहेछ ।

# फोरमको उद्देश्य चुनाव भाड्नु होइन-यादव
# सहमति भए चुनावमा सेना परिचालन हुन्छ -कोइराला

■कृपा संवाददाता———
सर्लाही, १४ माघ/मधेशी जनअधिकार फोरमका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले आफ्नो पार्टी फोरमको उद्देश्य संविधान सभाको चुनाव भाड्ने नभई सातदलले चुनाव भाड्लान कि भनेर खबरदारी गर्नु हो -भन्नुभएको छ ।

सोमबार विहान सर्लाहीको मलंगवामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष यादवले सो कुरा बताउनु भएको हो । वहांले फोरमको बहाना बनाएर सातदलले संविधान सभाको चुनाव फोरि स्थगित गर्न खोजेको आरोप पनि लगाउनुभयो ।

सो अवसरमा बोल्दै सरकारले फोरमसंग गरेको २२ बूँदे सहमति कार्यान्वयन गरे फोरम संविधान सभाको निर्वाचनमा भाग लिन सक्ने दावी पनि गर्नुभयो । यद्धपी सरकार सहमति कार्यान्वयन गर्न नचाहेको आरोप लगाउनु भयो । पत्रकारहरुको एक प्रश्नको जवाफमा यादवले तराईमा भूमिगत सशस्त्र आन्दोलन संचालन गरिरहेका कुनै पनि समूहसंग आफ्नो सम्बन्ध नरहेको स्पष्ट पार्नुभयो ।



बेलाबेलामा टेलीफोन तार काटीएर चोरी भई टेलिफोन सुविधा न पाउने र पाएको बखतपनि धमकी आउने । यी टेलीफोन लाईन राख्नुभन्दा त किलोका भाउमा बेच्नुनै बेस ।

पत्रकार सम्मेलनमा बोल्दै अर्का फोरमका नेता जयप्रकाश गुप्ताले मधेशी जनअधिकार फोरमले सुरु गरेको आन्दोलन तराईका पहाडी समुदायका विरुद्ध लक्षित नभएको स्पष्ट पार्नुभयो । फोरम त्यो बाटोमा कहिल्यै नहिड्न दावी पनि गर्नुभयो ।

उता, नेपाली कांग्रेसका कार्यवाहक सभापति शुशील कोइरालाले मधेशको समस्यालाई नियाल्दा तराईमा सेना परिचालन गर्न आवश्यक देखिएको धारणा राख्नुभयो । उहांले सातदलबीच सहमति भए संविधानसभाका समयमा तराईमा सेना परिचालन गर्न सकिने कुरा बताउनु भएको छ ।

कोइराला संग केही कांग्रेस नेताहरुको पूर्वी तराईको भ्रमणमा रहेका बेला विहान मोरङको विराटनगरमा आईपुग्नु भएका कोइरालाले संचारकर्मीहरुसंग कुराकानी गर्दै सो कुरा बताउनुभएको हो ।

भ्रमणका क्रममा फोरम तथा सद्भावना राजेन्द्र महतो पक्षधरको कालो झण्डाको चर्को सामना गर्न पुग्नु भएका कोइरालाले मधेशमा सेना परिचालन गर्नुपर्ने धारणा पछिल्ला समयमा राख्दै आइरहनु भएको छ ।

## दलितका छोराछोरीलाई नि:शुल्क पढाउने व्यवस्था होस् :विश्वकर्मा

■कृपा संवाददाता———
कलैया, १४ माघ/ नेपाल उतपीडित जातीय मुक्ति समाजका क्षेत्रीय अध्यक्ष एवं पूर्व मन्त्री लाल बहादुर विश्वकर्माले दलितका छोराछोरीलाई राज्यले उच्च माविसम्म नि:शुल्क पठन पाठनको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभएको छ । सोमबारबाट बाराको कलैयामा सुरु गरेको सो समाजको तेस्रो जिल्लाको अधिवेशनलाई सम्बोधन गर्दै विश्वकर्माले सो कुरामा जोड दिनुभएको हो । उहांले सरकारको शिक्षा निती सही नभएकोले शिक्षा दिनबाट दलितका बालबालिका बन्चित रहने गरेको बताउनु भयो ।



अधिवेशनका सहभागीहरू/तस्वीर:-कृपा दैनिक

सो समाजका बारा जिल्ला अध्यक्ष सक्कल रामको सभापतित्वमा सम्पन्न सो कार्यक्रमलाई नेकपा एमालेका केन्द्रीय सदस्य पुरुषोतम पौडेल, सुन्दर विश्वकर्मा, प्रभु हजरा लगायतकाले सम्बोधन गर्नुभएको थियो ।

## जाडोमा ताप्नका लागि बालेको आगोबाट आगलागी

इटहरी, १४ माघ । सुनसरी जिल्लाको हरिनगरा गाविसमा आज बिहान आगलागी हुँदा दुई घरसहित रु.तीन लाखभन्दा बढीको सम्पत्ति नष्ट भएको छ ।

जाडोका कारण केटाकेटीले ताप्नका लागि बालेको आगोबाट सुरु भएको सो आगोले पहिले सुरेन्द्र मेहताको घर र त्यसपछि उनका छिमेकी सूर्यनारायण मेहताको घरका साथै घरभित्र रहेका खाद्यान्न, लत्ताकपडा, महत्वपूर्ण कागजात सबै जलेको जिल्ला प्रहरी कार्यालय, सुनसरीले जनाएको छ ।

सो आगलागी इटहरी र इनरुवाबाट गएको बारुणयन्त्र र स्थानीयवासीको सक्रियतामा नियन्त्रणमा लिइसकिएको प्रहरी उपरीक्षक यादवराज खनालले बताउनुभयो । आगलागीमा भएको वास्तविक क्षतिको विवरण भने आउन बाँकी रहेको बताइएको छ । रासस

## चौकीमा १० वटा बम आक्रमण

काठमाडौं । तराईमा हिंसात्मक गतिविधिको क्रम बढिरहेको बेला जनकपुरमा हिजो साझ एक प्रहरी चौकीमाथि आक्रमण भएको छ ।

संयुक्त मधेसी मोर्चाले आह्वान गरेको जनकपुर बन्दका क्रममा जानकी प्रहरी चौकीमा दसवटा पेट्रोल बम प्रहार भएको थियो । बन्दको क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप भइरहेका बेला एक्कासी चौकीमा लगातार १० वटा बम प्रहार भएको थियो ।

पेट्रोल बम पश्चात चौकीमा दनदनी आगो लागेको र चौकी पूर्ण रूपमा ध्वस्त भएकाले घटनापछि प्रहरीहरू जानकी मन्दिरको विवाह मण्डप परिसरमा गई बसेका छन् । सो घटनापछि मोर्चाले आह्वान गरेको बन्द फिर्ता लिएको छ । चौकीमा कस्ले बम आक्रमण गऱ्यो खुल्न सकेको छैन ।

## समाचार संक्षेप

### चार बालक बेपत्ता

भद्रपुर, १४ माघ । झापा जिल्लाको चन्द्रगढी गाविसका पाँच/छ वर्षका चारजना विद्यार्थी हिजो साँझदेखि बेपत्ता भएका छन् । चन्द्रगढीका केन्द्रगाउँ विद्यालयका राजु बानियाँ र राजकुमार बानियाँ तथा वीरेन्द्र माध्यमिक विद्यालयका कृष्ण सतार र विष्णु सतार हिजो साँझदेखि बेपत्ता रहेको जिल्ला प्रहरी कार्यालय, झापाले जनाएको छ । विद्यालयबाट हिजो साँझमा घर नफर्केपछि ती विद्यार्थीका अभिभावकहरूले खोजबिनका लागि प्रहरीमा जाहेरी दिएका थिए । ती विद्यार्थीहरूको खोजी भइरहेको बताइएको छ । रासस

### खाद्यान्न सहयोग

काठमाडौं, १४ माघ । जापान सरकारले आर्थिक तथा सामाजिक रूपमा पिछडिएका नेपाली जनताको लागि खाद्यान्न खरिद गर्न पहिलो चरणमा रु.२३ करोड ४४ लाख सहयोग उपलब्ध गराउने भएको छ ।

नेपालका लागि जापानी राजदूत तात्सुओ मिजुनो र अर्थ मन्त्रालयका सचिव विद्याधर मल्लिकबीच खाद्यान्न सहयोगसम्बन्धी सम्झौतापत्रमा आज अर्थ मन्त्रालयमा हस्ताक्षर सम्पन्न भयो । जापान सरकारले नेपालको दुर्गम तथा खाद्यान्न अभावग्रस्त क्षेत्रका जनताका लागि खाद्य सहयोग कार्यक्रमअर्न्तगत पटकपटक सहयोग गर्दै आएको छ । जापानले गत साल ८४ हजार ५९३ मेट्रिकटन चामल र २४ हजार ३०० मेट्रिकटन गहुँ उपलब्ध गराएको थियो ।

हस्ताक्षर समारोहमा राजदूत मिजुनोले नेपाल सरकारले खाद्यान्नको अभावबाट पिल्सिएका दुर्गम क्षेत्रका जनताको लागि सरल र सहज ढङ्गले जापानी सहयोगको सदुपयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अर्थ सचिव मल्लिकले मित्र राष्ट्र जापान सरकारले नेपालको विभिन्न क्षेत्रमा उपलब्ध गराउँदैआएको सहयोग सह्रानीय रहेको बताउनुभयो । रासस

### हतियारसहित पक्राउ

विराटनगर, १४ माघ । प्रहरीको गस्तीटोलीले मोरङ जिल्लाको दक्षिणी सीमावर्ती बुधनगर गाउँ विकास समितिका ४४ वर्षीय रजिया भन्ने राजेन्द्रदास तत्माबाट दुई थान कट्टुवा पेस्तोल बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय, रानीका अनुसार गस्तीका क्रममा सोही गाविसको हाटबजारमा शङ्कास्पद रूपमा हिँड्डुल गरिरहेका अवस्थामा उनलाई पक्राउ गरिएको थियो । उनको शरीर खानतलासीका क्रममा ती हतियार र सोमा प्रयोग हुने तीन राउन्ड गोली बरामद भएको प्रहरीले जनाएको छ ।

### कोरियन विद्यार्थीद्वारा सहयोग

मकवानपुर, १४ माघ । नेपाली साथी बनाउन मकवानपुर आइपुगेका कोरियन विद्यार्थीहरूले बाल उद्यान पार्क बनाउन रु. तीन लाख सहयोग गरेका छन् ।

तेत्तीस जना विद्यार्थीसहित ५५ जनाको कोरियन टोलीले हेटौंडा-४ मा रहेको बाल उद्यान पार्क बनाउन पार्कका अध्यक्ष बद्री लम्सालजाई सो रकम हस्तान्तरण गरेका थिए ।

ती विद्यार्थीहरूले एक आपसमा संस्कृति र शिक्षा सिकाई रहनसहन आदान प्रदान गर्ने नेपाल शैक्षिक सहयोग कोष नेस्टका कार्यकारी निर्देशक गणेश श्रेष्ठले जानकारी दिनुभयो ।

कोरियाका १५५ जना युवाले १५५ माइल हिँडेर २७ दिनमा सङ्कलन गरेको रकम हस्तान्तरण गरिएको कोरियन संस्था सिजे वेलफेयर प्रतिष्ठानले जनाएको छ । रासस

### शिक्षा विभाग घेराउ

मध्यपुर थिमी, १४ माघ । नेपाल सामुदायिक उच्च माध्यमिक विद्यालय शिक्षक युनियनले विभिन्न सात सूत्रीय माग राखी आज शिक्षा विभाग घेराउ गरेको छ । सामुदायिक उच्च माविमा कार्यरत शिक्षकहरूका लागि स्थानीय दरबन्दीको व्यवस्था गरिनुपर्ने, प्रत्येक सामुदायिक उच्च माविमा पाँच जना शिक्षक दरबन्दीको व्यवस्था गरिनुपर्ने, गत आवमा शिक्षकका लागि गरिएको सुविधा व्यवस्थाको निर्णय कार्यान्वयन गरिनुपर्ने, उच्च माविमा अन्य कर्मचारीको व्यवस्था गरिनुपर्नेलगायतका माग प्रस्तुत गरिएको युनियनका सचिव प्रह्लाद गौतमले बताउनुभयो ।

शिक्षकको मागप्रति बेवास्ता गरेकै कारण चरणबद्ध आन्दोलन सुरु गरेको बताउँदै उहाँले माग पूरा नभए यही माघ १७ गते शिक्षा विभाग, उच्च माध्यमिक शिक्षा परिषद्लगायतका कार्यालयमा तालाबन्दी गरिने बताउनुभयो । रासस